# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## पाटन अस्पताल, लगनखेल, ललितपुर

फोन नं. ०१-५५२२२६६/५५२२२७८

## अस्पतालको पुरानो फलाम तथा आल्मुनियमका सामानहरु लिलाम सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४।०७।०६)**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको पाटन अस्पताल हाता भित्र रहेका पुरानो फलाम तथा आल्मुनियमका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा विक्रि गर्न लागिएकोले मिति २०७४।७।२६ गते अपराह्न २:०० भित्र उक्त सामान खरिद गर्नको लागि ईच्छुक व्यक्ति तथा संस्थाले तोकेको ढाँचामा अस्पतालको सेक्रेटरी अफिसमा प्रति इकाई दरको प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत विवरणको लागि अस्पतालको सूचना पाटी वा प्रतिष्ठानको वेवसईट www.pahs.edu.np हेर्नु हुन अनुरोध छ ।

## सिलबन्दी दरभाउपत्र दाताले पालना गर्नु पर्ने शर्त तथा ध्यान दिनु पर्ने कुराहरु :

१. सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा अस्पतालले तोकेको प्रति इकाई न्यूनतम मुल्य फलामको (पन्ध्र १५/प्रति के.जि. र आल्मुनियम रु १००।- (एकसय) प्रति के.जि. भन्दा घटी कवोल गरेको प्रस्तावलाई स्वीकार गरिने छैन ।

२. सूचना प्रकाशित भएको मितिले २१ औ दिनको दिउँसो मध्यान्ह १२ बजे भित्र अर्थात मिति २०७४-७-२६ गते सम्म अस्पतालको सेकेटेरी अफिसबाट सिलबन्दी दरभाउपत्र फारम शुल्क रु ५००/- फिर्ता नहुने गरी तिरी उक्त दरभाउपत्र फारम खरिद गर्नु पर्ने छ ।

३. दरभाउपत्रदाताले प्रस्तावको सबै पानाहरुमा सहिछाप समेत लगाएको रीत पूर्वकको निवेदन सहितको प्रस्ताव संलग्न गर्नु पर्ने छ ।

४. यस प्रस्तावमा उल्लेख भए बाहेक दरभाउपत्रदाताले आफ्नो तर्फबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै शर्त राखी सिलबन्दी प्रस्ताव पेश गरेमा सो शर्त सहितको प्रस्ताव रद्ध गरिने छ ।

५. दरभाउपत्र फारम बुझाउने अन्तिम सूचना प्रकाशित भएको मितिले २१ सौ दिन २ बजे सम्म दर्ता गरी सक्नु पर्नेछ । प्राप्त सिलबन्दी दरभाउपत्र सोही दिनको ३ (तीन) बजे खोलिने छ । सो दिन बिदा परेमा त्यस दिनको भोलि पल्ट खोलिने छ।

६. दरभाउपत्र फारम साथ आफुले खरिद गर्न कबोल गरेको अनुमानित ५००० के.जी फलाम र २०० के.जि आलमुनियमको प्रस्तावित मुल्यको १० प्रतिशतले हुन आउने रकम लक्ष्मी बैंक लगनखेलमा रहेको अस्पतालको खाता नं. ००१८१०४००००३८२ जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

७. स्वीकृत दरभाउपत्रवालाले दरभाउपत्र स्वीकृत भएको मितिले आफुले कबोल गरेको सम्पुर्ण रकम चुक्ता गरी अस्पतालको प्रतिनिधिको रोहवरमा पुरानो सामान तौल गरी सामान उठाई सक्नु पर्नेछ र नउठाएमा अथवा चुक्ता नगरेमा धरौटी बिड बण्ड वापत राखेको रकम जफत गरिनेछ ।

८. दरभाउपत्रदाता स्वयम्ले सामान लैजाने यातायातको व्यवस्था मिलाउनु पर्नेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार अस्पताल प्राशसनमा निहित रहनेछ । अन्य बिषयको हकमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली २०६७ तथा प्रचलित कानून बमोजिम हुने छ ।

१०. प्रस्तावकले प्रस्ताव पेश गरिसकेपछि यस प्रस्तावमा उल्लेख गरिएका सबै शर्तहरु पढेर, जानेर बुझेर पेश गरेको मानिने हुँदा यस प्रस्ताव अर्न्तगतको सबै शर्त स्वीकार गरेको मानिने छ ।

११ रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कारवाही हुने छैन ।